# बाथ मुटु रोगको रोकथाम प्रयास

डा. प्रकाश राज रेग्मी

बालबालिकालाई घाँटी दुख्ने, थुक निल्न गाह्रो हुने, टन्सील बढ्ने आदि स्वास्थ्य समस्या बारम्बार भैरहन्छ । यो मामुली जस्तो देखिने घाँटी दुख्ने रोगले मुटुको रोग उत्पन्न गराउन सक्छ भन्ने कुरा धेरैलाई थाहा छैन । घाँटी दुख्ने र टन्सील बढ्ने भएको बेलामा राम्रोसँग उपचार भएन भने मुटुको भल्भहरु बिग्रिने रोग बाथ मुटुरोग उत्पन्न हुन सक्छ ।

बालबालिका र युवालाई प्रभावित पार्ने मुटुका रोगहरु मध्ये बाथ मुटुको रोग मुख्य हो । यो रोग विकासोन्मुख राष्ट्रहरुमा बढी भएको पाइन्छ । विश्व स्वास्थ्य संघका अनुसार विकासोन्मुख राष्ट्रहरुमा १ लाख बालबालिकाहरु मध्ये प्रति वर्ष करिव १०० जना यस रोगबाट पीडित हुने गरेको तथा १० जनाको मृत्यु हुने गरेको पाइन्छ । नेपालमा १ लाख बालबालिकाहरु मध्ये प्रति वर्ष करीब ३०० जना यस रोगबाट पीडित हुने गरेको अनुमान गरिएको छ र यिनीहरु मध्ये बार्षिक दश प्रतिशतको मृत्यु हुने गरेको छ । हाल नेपालमा ७५००० बाथ मुटुरोगीहरु भएको अनुमान गरिएको छ ।

बाथ मुटुको रोग गंभिर स्वास्थ्य समस्या हो । यस रोगका कारण मुटुको ओपन हार्ट सर्जरी गरि भल्भ फेर्नु पर्ने अवस्थामा रहेका हजारौं बाल मुटुरोगीहरु नेपालमा छन् । यस्ता रोगीहरुले अप्रेशन पटि पनि जीवनभर औषधी खाई राख्नु पर्ने हुन्छ । घाँटी दुख्ने जस्तो साधारण स्वास्थ्य समस्याबाट सुरु भएर अन्त्यमा मुटुको भल्भलाई क्षति पुऱ्याई यस रोगले मुटुलाई अत्यन्तै कमजोर बनाउछ र रोगीको हार्ट फेल हुन्छ । यस्ता खाले सबै रोगीहरुको अप्रेशन गर्नु पर्दैन, तर जीवनभर सुई लगाउने र औषधी सेवन गर्नु पर्ने हुन्छ । यो रोग लागे पछि जीवन कष्टमय बन्छ । अप्रेशन कठीन र खर्चालु भएको हुनाले साधारण नेपालीका लागि सजिलै यो उपलब्ध हुन सक्दैन । केही वर्ष यता नेपाल सरकारले शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र र बीर अस्पताल मार्फत गरिव बाथ मुटु रोगीलाई अप्रेशन गर्दा आवश्यक पर्ने कृत्रिम मुटुको भल्भ बर्षेनी १००-१०० वटा उपलब्ध गराउँदै आएको छ । यसका साथै शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र मार्फत १५ वर्ष मुनीका गरिव तथा असहाय

मुटु रोगीहरुको निःशुल्क शल्यक्रिया गर्ने कार्य भैराखेको छ । यो अत्यन्तै ठूलो कार्य हो र यसबाट धेरै नै संख्यामा बाथ मुटु रोगीहरु लाभान्वित भएका छन् ।

बाथ मुटु रोग नियन्त्रण गर्न सकिने रोग हो । कठीन र महंगो उपचार अनी रोग लागे पछि बिताउनु पर्ने कष्ठदायी जीवनबाट नेपालीलाई बचाउने एक मात्र उपाय हो-यस रोगको रोकथाम र नियन्त्रण गर्नु । मुटुको कृत्रिम भल्भ निशुल्क वितरण गरेर, निःशुल्क शल्यक्रियाको व्यवस्था मिलाएर मात्र यो रोगबाट उपन्न सामाजिक आर्थिक समस्या समाधान हुँदैन । राज्यको प्रयास बाथ मुटुरोगको रोकथाम तर्फ नै केन्द्रीत हुनु जरुरी छ ।

बाथ मुटु रोगको विकास तिन चरणमा हुन्छ । पहिलो चरण घाँटीको इन्फेक्सन (संक्रमण) हो । यो अवस्थामा घाँटी भित्र दुख्ने, टन्सील बढ्ने, थुक निल्न गाह्रो हुने र ज्वरो आउने हुन्छ । ५-७ दिनमा यो ठीक भएर जान्छ । यसको ३-४ हप्ता भित्र रोग घाटीबाट हात खुट्टाका ठूला जोर्नीहरुमा पुग्दछ । यो दोस्रो चरणलाई बाथ ज्वरो भनिन्छ जुन अवस्थामा हात खुट्टाका ठूला जोर्नीहरु पालैपालो दुख्ने, सुन्निने हुन्छन् र साथमा ज्वरो पनि आउँछ । यो रोग बाथ ज्वरोको चरणमा पुगे पछि आधा भन्दा बढी रोगीहरुलाई मुटुमा असर पर्दछ । रोगको तेस्रो चरण भनेको मुटुको भल्भहरु बिग्रिने अवस्था हो । यस प्रकार घाँटीबाट सुरु भई जोर्नीहरुको बाटो हुँदै यो रोगले अन्त्यमा मुटुलाई आक्रमण गर्दछ । भनिन्छ “यस रोगले जोर्नीलाई चाट्छ तर मुटुलाई टोक्छ” । यसको अर्थ हो बाथ रोगले जोर्नीलाई छुन्छ मात्र बिगार्दैन तर मुटुलाई भने बिगार्छ । यस रोगलाई बढ्दै जान बाट रोक्न यि तिन चरणहरु जानी राख्नु पर्दछ । रोगको रोकथामका लागि पनि यो जानकारी आवश्यक छ । बाथ मुटुरोगको रोकथाम गर्ने सबैभन्दा प्रभावकारी उपाए हो- घाँटीको संक्रमण हुँदा ७-१० दिनसम्म एण्टीबायोटीक औषधी खाएर उपचार गर्ने । घाँटी दुख्दा, टन्सील बढ्दा बालबालिकाको ठीक तरिकाले उपचार गर्‍यो भने यो रोग पहिलो चरण मै रोकिन्छ । यसलाई प्राथमिक रोकथाम विधी भनिन्छ । घाँटी दुख्दा सिटामोल खाएर मात्र पुग्दैन, नुन पानीले कुल्ला गरेर मात्र पुग्दैन, एण्टीबायोटिक औषधी नै प्रयोग गर्नु पर्छ । घाँटीका जीवाणुलाई एण्टीबोयोटिकले नष्ट पार्नु पर्छ, अनि बाथ ज्वरो, बाथ मुटु रोग उत्पन्न हुन पाउँदैन । यो साधारण जानकारी धेरैलाई छैन । रोगको संक्रमण हुँदा एण्टीबायोटिक खान र खुवाउन डराउनेहरु पनि यहाँ धेरै छन् । अर्को तर्फ अनावश्यक अवस्थामा पनि एण्टीबायोटिकको प्रयोग भैराखेका छन् । यि दुवै प्रवृत्ति ठीक होइनन् । बालबालिकाले घाँटी दुख्ने, टन्सील बढ्ने भएको बेला ७ देखि १० दिनसम्म एण्टीबायोटिक औषधी सेवन गर्नु पर्छ । औषधी सेवन गर्न डराउनु पर्दैन । बाथ मुटुरोगको यो प्राथमिक रोकथाम विधी अपनाउन

जम्मा ७०-८० रुपैया खर्च लाग्छ । (पेनिसिलिन चक्की सेवन गरेको अवस्थामा) । यदि सुई लगाएर उपचार गर्ने हो भन्ने २५ रुपैयाले पुग्छ । यति थोरै खर्चले पुग्ने उपचार नगर्दा रोग बढेर गई मुटुमै पुगे पछि शल्यक्रिया गराउनु पर्दा कम्तिमा २ लाख रुपैया ओपन हार्ट अप्रेशनमा खर्च लाग्छ । यस कारण सबैले यो बुझ्नु जरुरी छ की बालबालिकालाई घाँटी दुख्दा ठीक उपचार भयो भने सस्तो पनि पर्छ रोग बढ्न पनि पाउँदैन । बाथ मुटु रोगको रोकथामको यो पक्ष अति महत्वपूर्ण छ ।

बाथ ज्वरोले एक पल्ट आक्रमण गरेपछि यसले रोगीलाई छाड्दैन । पनि पनि बारम्बार आक्रमण गरिराख्छ । जति पल्ट घाँटीमा संक्रमण भयो त्यति पल्ट बाथ ज्वरो फर्किन सक्छ । अनि जति पल्ट बाथ ज्वरो फर्कियो त्यति नै बढी मुटुको भल्भ बिग्रिन्छ । त्यस कारण बाथ ज्वरो नफर्कियोस र मुटुको भल्भहरु बिग्रिने क्रमलाई रोक्न सकियोस भनि गरिने उपचार विधिलाई बाथ रोगको द्वितीय रोकथाम भनिन्छ । यसका लागि प्रत्येक ३ हप्तामा एक पल्ट पेनिसिलिन सूर्य लगाउनु पर्छ । यसको मूल्य जम्मा २५ रुपैया मात्र पर्दछ । यो रोगको रोकथाम एकदमै सस्तो र सरल छ तर रोगको उपचार भने एकदमै कठिन र महंगो छ । यस कारणले पनि हामी सबैको ध्यान यस रोगको नियन्त्रण र रोकथाम तर्फ नै केन्द्रीत हुनु पर्दछ ।

विश्व स्वास्थ्य संघले यस रोगको गंभिरतालाई ध्यानमा राखि यस रोगबारे अध्ययन र अनुसन्धान गर्दै आएको छ साथै यस रोगको प्राथमिक र द्वितीय रोकथाममा विशेष ध्यान दिनु पर्ने कुरामा जोड दिदैं आएको छ । यस सम्बन्धमा विश्व स्वास्थ्य संघले प्रकाशित गरेको सुझावहरु इस प्रकार छन्:

१. संसारका धेरै मुलुकहरुमा यस रोगको वास्तविक तथ्याङ्कको अभाव रहेको देखिन्छ । त्यस कारण ग्रामिण क्षेत्रहरुमा समेत यस रोष्को अध्ययन र अनुसन्धान गर्नु अति आवश्यक छ ।

२. बाथ ज्वरोको प्राथमिक रोकथाम कार्याक्रम लागु गर्न विकोसोन्मुख राष्ट्रहरुमा अत्यन्तै कठिन छ । यस कारण प्रथम चरणमा द्वितीय रोकथाम कार्यक्रम संचालन गर्नु पर्दछ । यो व्यवस्थित भए पछि मात्र प्राथमिक रोकथाम कार्यक्रम तर्फ कदम चाल्नु पर्छ ।

३. बाथ ज्वरो रोकथामका लागि पेनिसिलिन सूर्य सबैभन्दा प्रभावकारी छ । यसकारण यसको प्रयोगलाई व्यापक बनाउनु पर्छ ।

४.	बाथ ज्वरो नियन्त्रणमा स्वास्थ्य शिक्षाको ठूलो महत्व छ । यसकारण देशको स्वास्थ्य र शिक्षा मन्त्रालयहरु आपसमा मिलेर कार्यक्रम बनाएमा बढी प्रभावकारी हुन्छ ।

५.	यस्ता कार्यक्रमहरु राष्ट्रिय कार्यक्रमका रुपमा ग्रामिण तहसम्म पुग्ने गरि प्राथमिक स्वास्थ्य उपचार सेवा भित्रै पर्ने गरि संचालन गर्ने प्रयास हुनु पर्दछ ।

६.	यस्ता कार्यक्रमहरु राष्ट्रिय स्वास्थ्य विकास योजना भित्रै समावेश गरिनु पर्दछ ।

७.	बाथ ज्वरो उन्मूलन गर्न घाँटीको संक्रमण बिरुद्ध खोपको आविष्कार गर्ने कार्य तर्फ अनुसन्धान हुनु जरुरी छ ।

यिनै सुझावहरुलाई ध्यामा राखि नेपाल सरकारले आ.व. २०६३।०६४ देखि नेपालमा बाथ मुटुको नियन्त्रण का लागि राष्ट्रिय कार्यक्रम ल्याएको छ । नेपाल सरकारको यो कदम अत्यन्तै साहसिलो र स्वागत योग्य छ । नेपालमा मुटुरोग नियन्त्रणका लागि ल्याईएको यो पहिलो र हाल सम्म एकमात्र मुटुरोग नियन्त्रण कार्यक्रम हो । राष्ट्रिय बाथ मुटु रोग नियन्त्रण कार्यक्रमका लागि पहिलो वर्ष सरकारले ३० लाख रुपैया विनियोजन गऱ्यो । यो कार्यक्रम संचालनमा ल्याउन नेपाल हृदय रोग निवारण प्रतिष्ठानले नेपाल सरकारसंग प्रशस्त गृह कार्यहरु गऱ्यो । २०६३ साल चैत्र महिनामा यो कार्यक्रम संचालन गर्ने जिम्मा नेपाल सरकारले नेपाल हृदय रोग निवारण प्रतिष्ठानलाई दियो । यस प्रतिष्ठानले २०६४ साल असार १५ गते देखि केन्द्रीय, अञ्चल तथा केहि सामुदायिक अस्पतालहरु गरि जम्मा २२ वटा स्वास्थ्य संस्थाहरु मार्फत बाथ मुटु रोग नियन्त्रण कार्यक्रम सञ्चालनमा ल्यायो । २०६४ फागुन १ गते देखि अन्य ४ वटा अस्पतालहरुमा पनि विस्तार गरि जम्मा २६ वटा अस्पतालमा यो कार्यक्रम संचालनमा आयो । यि २६ वटा अस्पतालहरु मर्फत बाथ मुटु रोगको द्धितीय रोकथामका लागि आवश्यक पर्ने औषधी बाथ मुटु रोगीलाई निशूल्क उपलब्ध गराईएको छ । साथै ३-३ हप्तामा पेनिसिलिन सूई लगाईदिने व्यवस्था समेत मिलार्यएको छ । यसबाट बाथ मुटु रोगीहरु लाभान्वित भएका छन् । अब चाडै नै ७५ वटै जिल्ला अस्पतालहरु सम्म यो कार्यक्रम पुग्नु पर्दछ । त्यस पछि भविष्यमा सबै स्वास्थ्य चौकी र स्वास्थ्य उपचौकीमा पनि यो कार्यक्रम सञ्चालन हुनु पर्छ अनि मात्र ग्रामिण जनतासम्म यो कार्यक्रम पुग्ने छ ।

पेनिसिलिन सूई र एण्टिबायोटिक औषधी निशुल्क बाढ्दैमा बाथ मुटु रोग नियन्त्रणमा आउदैन । बाथ मुटु रोग नियन्त्रणको मुख्य कार्य भनेको घाँटीको संक्रमण बाट बालबालिकाहरुलाई जोगाउनु हो । यसका लागि जनचेतना जगाउने, स्कूल शिक्षमा यस रोगबारे पठन पाठन गराउने, रोगबारे अध्ययन अनुसन्धान गर्ने, आधारभूत स्वास्थ्य सेवा सुविधा भित्र बाथ ज्वरोको प्राथमिक रोकथाम समेत समावेश गर्ने आदी जस्ता महत्वपूर्ण कार्यहरु गर्नु पर्ने देखिन्छ । नेपालमा ठूलो स्वास्थ्य समस्याका रुपमा रहि आएको बाथ मुटुरोग नियन्त्रण गरि यस रोगबाट हुने मृत्यु र शारीरिक अशक्तताको संख्यामा कमि ल्याउनु यस कार्यक्रमको लक्ष्य रहेको छ । भर्खरै मात्र संचालन सुरु भएको यस कार्यक्रमलाई सबै पक्षबाट सहयोगको खाँचो छ । ग्रामिण जनताको पहुँच सम्म यस कार्यक्रमलाक्षए पुऱ्याउन हाम्रो कर्तव्य हो । यो कार्यक्रम नेपालभर सुरु भएको १० वर्ष पछि नेपालमा बाथ मुटुरोगीहरुको संख्यामा उल्लेखनीय कमि देखियो र पत्रपत्रिकामा मुटुको अप्रेशन गराउन आर्थिक सहयोग गर्नु होस् भन्ने सचना प्रकाशित हुन बन्द भयो भने यो कार्यक्रम सफल भएको मानिने छ ।